१. वंशजको आधारमा नागरिकता प्रमाणपत्र बनाउन चाहिने कागजातहरु:

**क) बाबु आमा नेपाली नागरिक भएमा:**

- वडा कार्यालयबाट अनुसूची १ बमोजिमको सिफारिस
- बाबु आमाको सक्कल नागरिकता प्रमाणपत्र वा आफ्ना वंशभित्रका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र
- तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश भएको अवस्थामा उक्त नातेदारसँग नाता खुल्ने नाता प्रमाणित पत्र
- जन्मदर्ता प्रमाणपत्र
- बाबुआमाको विवाहदर्ता प्रमाणपत्र
- बसाइँ सरी आएकाको हकमा बसाइँसराई प्रमाणपत्र, जग्गाधनी प्रमाण/घर निर्माण स्वीकृति पत्र
- शैक्षिक प्रमाणपत्र
- **जन्मको आधारमा नागरिकता प्राप्त गरेका सन्तानको हकमा बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।**
- कार्यालयले आवश्यक देखेको अवस्थामा स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य कागजातहरु माग गरेर समेत थप बुझ्न सक्नेछ ।

**बाबुआमाको नागरिकता प्रमाणपत्र पेश गर्न नसक्नेको हकमा थप:**

- तीन पुस्ताभित्रको नातेदारसँग पुस्ता र नाता खुल्ने गरी वडा कार्यालयबांट गरिएको नाता प्रमाणित
- निजको नागरिकता प्रमाणपत्रको साथमा गरिएको सनाखत
- आवश्यकता अनुसार प्रहरी सर्जमिन मुचुल्का

**विवाहित महिलाको हकमा थप:**

- विवाहदर्ता प्रमाणपत्र
- पति वा ससुरा/सासु/जेठाजु/देवरको नागरिकता प्रमाणपत्र र सनाखत
- नाता कायम भएको प्रमाण

**कर्मचारी परिवारको हकमा:**

कर्मचारी परिवारको नाताले नागरिकता बनाउँदा आफू कार्यरत रहेको कार्यालय रहेको जिल्ला प्रशासन कार्यालयबाट मात्र नागरिकता लिन सकिन्छ । यसका लागि कार्यालयको सिफारिस र कार्यालय रहेको वडा कार्यालयबाट अनुसूची सिफारिस गरी ल्याउनुपर्छ ।

सहायक प्र.जि.अ.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, काठमाडौं
बबरमहल काठमाडौं

ख) बाबुको पहिचान नभएको अवस्थामा आमाको नामबाट:

- वडा कार्यालयबाट अनुसूची १ बमोजिमको सिफारिस
- जन्मदर्ता प्रमाणपत्र
- आमाको नेपाली नागरिकताको प्रमाणपत्र
- जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस
- शैक्षिक प्रमाणपत्र, स्थायी रुपमा बसोबास गरेको देखाउने जग्गाधनी पुर्जा लगायतका कागजातहरु
- निजको जन्म नेपालमा भई नेपालमा नै बसोबास गर्दै आएको र निजको बाबुको पहिचान हुन नसकेको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस
- बाबुको पहिचान हुन नसकेको व्यक्तिले अनुसूची -४क. बमोजिमको ढाँचामा र निजको आमाले अनुसूची-४ख. बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत समक्ष गरेको स्वघोषणा
- तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ताको प्रमाणपत्र र होस ठेगानमा नरहेको स्वीकृत चिकित्सकले गरेको सिफारिस सहित निवेदकले गरेको अनुसूची ४क बमोजिमको स्वघोषणा संलग्न गर्नुपर्नेछ ।
- थप बुझ्नुपर्ने भएमा स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य माध्यमबाट पनि जिल्ला प्रशासन कार्यालयले बुझ्न सक्नेछ

ग) पितृत्व मातृत्वको ठेगान नभएको अवस्थामा

| संस्थाको संरक्षकत्वको हकमा | व्यक्तिको संरक्षकत्वको हकमा |
| --- | --- |
| • वडा कार्यालयबाट अनुसूची १ बमोजिमको सिफारिस<br>• अनाथ बालबालिका बुझेको प्रमाण, प्रहरी प्रतिवेदन<br>• हकदाबी गर्ने सम्बन्धी प्रकाशित सूचना<br>• संरक्षकत्व दिने संस्थाको किटानी सिफारिस पत्र<br>• वडा कार्यालयको किटानी सिफारिस पत्र | • वडा कार्यालयबाट अनुसूची १ बमोजिमको सिफारिस<br>• कानूनी संरक्षकत्व प्राप्त भएको आधार प्रमाण<br>• जन्मदर्ता<br>• शैक्षिक प्रमाणपत्र<br>• संरक्षकको नागरिकता सनाखत<br>• कार्यालयले आवश्यकताका आधारमा थप बुझ्न सक्नेछ । |

सहायक प्र.जि.अ.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, काठमाडौं
बबरमहल काठमाडौं

| | |
|---|---|
| • संस्था नवीकरण भएको प्रमाण<br>• संस्थाको विधानको प्रमाणित प्रतिलिपि<br>• जन्मदर्ता<br>• शैक्षिक प्रमाणपत्र<br>• संस्थाको प्रमुखको नागरिकता र सनाखत | |

२. अंगीकृत नागरिकता बनाउन चाहिने आवश्यक कागजातहरुः

क) आमा नेपाली बाबु बिदेशी भएको अवस्थामा

- वडाबाट अनुसूची ७ बमोजिमको सिफारिस
- आमाको नेपाली नागरिकताको प्रतिलिपि
- जन्मदर्ता प्रमाणपत्र
- वडा कार्यालयबाट स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सिफारिस
- बाबुको राष्ट्रियता खुल्ने कागज
- बाबुको नागरिकताको आधारमा बिदेशी मुलुकको नागरिकता नलिएको भनी निवेदकले अनुसूची ७क बमोजिम गरेको स्वघोषणा
- बाबु आमाको विवाह दर्ता प्रमाणपत्र
- शैक्षिक योग्यताको प्रमाणपत्र
- आवश्यकता देखेमा कार्यालयले थप बुझ्न सक्नेछ

यसको निर्णय जिल्ला प्रशासन कार्यालयको सिफारिसमा गृह मन्त्रालयबाट हुने प्रावधान रहेको ।

ख) नेपाली नागरिकसँग विवाह गरेकी बिदेशी महिला(वैवाहिक अंगीकृत) को हकमा

- अनुसूची ७ फाराम भरी स्थानीय तहबाट सिफारिस
- विवाह दर्ता प्रमाणपत्र
- पतिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- उमेर खुल्ने प्रमाण
- बिगतमा विदेशी भएको पहिचान खुल्ने आधिकारिक प्रमाण र नागरिकता त्यागन चलाएको निस्सा वा नागरिकता परित्याग गरेको निस्सा

सहायक प्र.जि.अ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, काठमाडौं

- प्रवेशाज्ञा लिई नेपाल आउनुपर्ने विदेशी महिलाको हकमा राहदानी एवं भिसाको फोटोकपी
- पतिको मृत्यु भएको भए ससुरा, सासु, देवर जेठाजुको नागरिकता प्रमाणपत्र, नाता प्रमाणित र सनाखत
- कार्यालयले आवश्यक देखेको अवस्थामा स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य कागजातहरु माग गरेर समेत थप बुझ्न सक्नेछ ।

**ग) अंगिकृत नागरिकता प्राप्त गरेका नेपाली नागरिकका सन्तानहरुको हकमा सो नागरिकता प्राप्त गर्नुअघि जन्मिएका सन्तानको हकमा:**

- अनुसूची ७ बमोजिमको सिफारिस
- बाबु/आमाको नागरिकताको प्रमाणपत्र
- जन्म दर्ता
- शैक्षिक योग्यताको प्रमाणपत्र
- बाबु आमाको विवाह दर्ता
- निज नेपालमा बसोबास गरिरहेको किटानी व्यहोराको स्थानीय तहको सिफारिस
- नेपालमा बसोबास गरी काम गरेको भए सोको प्रमाण
- कार्यालयले आवश्यक देखेको अवस्थामा स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य कागजातहरु माग गरेर समेत थप बुझ्न सक्नेछ ।

**घ) कम्तीमा पन्ध्र वर्ष नेपालमा बसेका बिदेशी नागरिकले विभिन्न क्षेत्रमा पुर्याएको वा पुर्याउन सक्ने विशेष योगदानको आधारमा अंगिकृत नागरिकता प्रदान गर्न सकिने र त्यसका लागि देहायको शर्त र अवस्था पुरा गरिसकेको हुनुपर्ने:**

- नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न वा लेख्न जानेको
- नेपालमा कुनै व्यवसाय गरी बसेको
- अन्य मूलूकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको
- कम्तीमा १५ वर्ष नेपालमा बसोबास गरेको
- नेपाली नागरिकलाई अंगीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको
- असल चालचलन भएको
- मानसिक रुपले स्वस्थ भएको

यसको निर्णय जिल्ला प्रशासन कार्यालयको सिफारिसमा गृह मन्त्रालयबाट हुने प्रावधान रहेको ।

सहायक प्र.जि.अ.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, काठमाडौं
बबरमहल काठमाडौं

**गैरआवासीय नेपाली नागरिकता:**

साबिकमा वंशज वा जन्मको आधारमा आफू, बाबु, आमा, बाजे वा बज्यै नेपाली नागरिक भई हाल सार्क बाहेकका मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिले पाउने नागरिकता

**आवश्यक कागातहरु:**

- अनुसुची ८ग. बमोजिमको सिफारिस, अनुसुची ८घ. बमोजिमको प्रतिबद्धतापत्र तथा अनुसूची ८च. बमोजिमको सपथ
- बाबुआमाको नागरिकताको प्रमाणपत्र, तीनपुस्ते विवरण सहितको प्रमाणहरु
- पती पत्नीको विवरण समेत राख्नुपर्ने हुँदा सोको नाता खुल्ने कागजात
- नेपाली नागरिकता त्याग गरेको प्रमाण
- बाबु, आमा, बाजे, बज्यै साविकमा नेपाली नागरिक भई पछि विदेशको नागरिकता लिएको भए निजहरुको समेत नागरिकता परित्यागको निस्सा
- सानैमा विदेश गई उतैको नागरिता लिएकाको हकमा नेपालको जन्मदर्ता, नाबालक परिचयपत्र तथा पासपोर्टको प्रतिलिपि
- विदेशमा नै जन्म भएकाको हकमा Bith Registration लगायत बाबु आमासँगको नाता खुल्ने कागजात
- बिदेशी मुलुकको नागरिकता र पासपोर्टको प्रतिलिपि
- कार्यालयमा सनाखतको लागि निवेदकको नजिकको नाताभित्रको नेपाली नागरिक आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र र नाता खुल्ने विवरणसहित उपस्थित हुनुपर्दछ । यदि नजिकको नातेदार कोही नभएको अवस्थामा निजलाई चिन्ने नेपाली नागरिक आफ्नो नागरिकताको प्रमाणपत्र सहित उपस्थित भएर सनाखत गर्नुपर्दछ ।
- कार्यालयले आवश्यक देखेमा थप विवरण समेत माग गर्न सक्नेछ ।

साथै,

- अविवाहित अवस्थामा माइतीतर्फबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी साविकमा नेपालमा रहँदा अर्को जिल्लामा विवाह भएका र पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका महिलाहरुको हकमा जुन जिल्ला प्रशासन कार्यालयबाट शुरु नागरिकता जारी भएको हो सोही कार्यालयबाट गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछन् ।
- नेपालमा रहँदा एउटा जिल्लाबाट नागरिकता लिई अर्को जिल्लामा बसाइँसराइँ गरेका र पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरुको हकमा बसाइँ सराई गरी आएको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछन् ।

सहायक प्र.जि.अ